जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १९८ २०७९ साल फागुन २५ गते बिहीबार (9 Mar. 2023 Thursday) मूल्य रु. ५/-




**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : सामाजिक सञ्जालमार्फत बढ्दै. ३ पृष्ठमा : आय विवरण दाखिला गर्ने करदाता ... ३ पृष्ठमासिरियामा ड्रोन आक्रमणमा...

# आगलागिमा ९ लाख मुल्य बराबरको क्षति, गाउँपालिकाद्वारा राहत बितरण





**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ७ मा मंगलबार भएको आगलागिमा ९ लाख मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ। सो आगलागिमा नगद ३३ हजारसहित चार घर जलेर नष्ट भएको हो।

स्थानिय दशनलाल बातरको गाईगोठमा बालिएको घुरबाट सल्लेको आगोले छोरोहरु राजकुमार सरदार, जितन सरदार र सोमन सरदारको घर जलेर नष्ट भएको स्थानियवासीले जनाएका छन्।

उक्त आगलागीबाट सिमेन्टको पिलर र जस्ताले छाएको १ वटा गाई गोठ, २ वटा घर र घर भित्र रहेको लताकपडा, भाडाकुडा, काठपात, अन्नपात, पानी तान्ने मोटर, १५ तोला चाँदी गरि ९ लाख मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी नेपाल, स्थानियबासी र हनुमाननगर कंकालिनी नगरपालिकाको दमकलको सहयोगमा आगोलाई नियन्त्रणमा लिइएको थियो।

यसैबीच गाउँपालिकाबाट बुधबार अग्निपीडित परिवारलाई राहत बितरण गरिएको छ। प्रत्येक परिवारलाई चामल २५ किलो, चिउरा २ किलो, मुरही ५ किलो, साडी, लुंगि, त्रिपाल, भुजिया, साबुन, तन्ना, लगायतका सामाग्रि बितरण गरिएको हो।

सो अवसरमा गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डल, वडा अध्यक्ष हरिनाराण मण्डल तथा विपद् व्यवस्थापन अधिकृत राजेश झाको उपस्थिती रहेको थियो।

# अटो अनियन्त्रित भई दुर्घटना हुदा एकको मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**

सप्तरीको बिष्णुपुर गाउँपालिका १ जमुनीमा टेम्पु अनियन्त्रित भई दुर्घटना हुदा एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्।

हुलाकी सडक खण्डमा पश्चिमबाट पुर्व तर्फ आउदै गरेको ना३स ९६३० नं.को अटो आफै अनियन्त्रित भई दुर्घटना हुँदा अटोमा सवार खडक नगरपालिका ८ बिषणपुर निवासी ४० वर्षिया आमना खातुनको मृत्यु भएको हो।

सोही दुर्घटनामा विष्णुपुर गाउँपालिका ६ कटिटोल निवासी ५५ वर्षिय लक्ष्मि राम बाँया हातको औलामा चोट लागी घाइते भएको प्रहरीले जनाएको छ।

घटनापश्चात दुबै जनालाई उपचारका लागी गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा भर्ना गरिएपनि उपचारकै क्रममा आमना खातुनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। प्रहरीले अटो तथा चालकलाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको जनाएको छ।

# मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा एकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**

राजविराज वडा नं. ११ पम्प नहरस्थित भित्रि सडक खण्डमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

लौनियाबाट राजबिराज तर्फ आउदै गरेको स४प ३२७५ न. को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुदा मोटरसाइकल चालक तिलाठि कोईलाडि गाउँपालिका २ लौनिया निवासी ५० वर्षिय श्याम मण्डलको मृत्यु भएको हो।

दुर्घटनामा मण्डलको शरीरको बिभिन्न भागमा चोट लागेपछि उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पतालमा भर्ना गरिएपनि उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# तातो पानीमा बालकको खुट्टा पोलियो

**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**

सप्तरीको कंचनरुप नगरपालिका ४ मा तातो पानीमा पोलिएर एक बालक घाइते भएका छन्।

बकाल बस्ने भिखारी साहको ७ वर्षिय छोरा आयुस साह तातो पानीमा पोलिएका हुन्।

विवाहको घरमा बालकले खुट्टा धुईरहेको अवस्थामा खाना पकाउने व्यक्तिले कल पाइपमा नदेखेर तातो पानी फयाल्दा उनको खुट्टा पोलेको प्रहरीले जनाएको छ।

पोलेर घाइते भएका बालकको राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको तथा अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

# सप्तरीमा दुईदिन होली मनाईयो

**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**

तराई मधेशको सबै भन्दा महत्वपूर्ण पर्वका रुपमा चिनिदै आएको फागु पुर्णिमा (होली) दुई दिन मनाइएको छ। कसैले मंगलबार त अधिकांशले बुधबार होली मनाएका हुन्।

मंगलबार केही युवा तथा बालबालिकाले होली खेलेपनि होली पर्व बुधबार मनाउने र यस अवसरमा हरेक बर्ष जस्तै होलिका विशेष कार्यक्रमको आयोजना गरिएको उनले बताए। मंगलबार थोरै संख्यामा भएपनि घर तथा बजारमा होरिया गीत गाउने र नाच गान गर्ने क्रम युवाहरुद्वारा गरिएको देखिएको छ।

एक आपसमा रंग अविर दल्ने, होली गीत गाउने र डम्फु बजाएर रमाईलो गर्ने युवाहरुको पातलो जमात चौक चौक र गल्लीहरुमा देखिएको छ।

त्रेता युगमा बसन्तऋतुको आगमन संगै राम र सीताका साथीहरुले होली खेलेको सम्झनामा होली पर्वको शुरुवात भएको धार्मिक विश्वास रहि आएको छ।

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### मलेठ घटनाको प्रतिवेदन हर्फै सार्वजनिक भएन

मलेठ घटनाको फागनु २३ गते ६ वर्ष पुरा भएको छ । घटनामा ५ जना मारिएका थिए । उक्त घटना बारे राष्ट्रिय मानव अधिकार आयोगले बुझाएको प्रतिवेदन यथार्थ नभएको भन्दै तत्कालिन प्रदेश नं. २ (हाल मधेश प्रदेश) सरकारले आफैं छानबिन गर्न २०७४ साउन ७ गते समिति गठन गरेको थियो । २०७४ साल साउन ७ गते बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले तत्कालिन आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र यादवको संयोकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको थियो । समितिमा सामाजिक विकासमन्त्री नवलकिशोर साह र तत्कालिन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साह सदस्य थिए । समितिमा मुख्य न्यायाधिवक्ता कार्यालयका उप-न्यायाधिवक्ता कृष्णप्रसाद बराल सदस्य सचिव थिए । समितिले मलेठ घटनाका सम्बन्धमा निष्पक्ष छानबिन गरी १५ दिनभित्र मन्त्रिपरिषदमा प्रतिवेदन पेश गर्ने भनिएको थियो । तर, घटना भएको ६ वर्ष बित्दा समेत हालको मधेश सरकारले सो प्रतिवेदन सार्वजनिक गर्न सकेको छैन ।

राष्ट्रिय मानव अधिकार आयोगले सर्वोच्च अदालतका पूर्वन्यायाधीश ताहिर अली अन्सारी संयोजक रहेको उच्च स्तरीय छानबिन समिति बनाएको थियो । आयोगले २०७३ चैत ३१ मा मलेठ घटनाका सम्बन्धमा अनुसन्धान गर्न समिति गठन गरी छानबिन गर्ने निर्णय गरेको थियो । उक्त समितिले २०७४ जेठ ८ देखि २०७४ जेठ १३ सम्म स्थलगत छानबिन र जेठ २९ गते सम्म काठमाण्डौंमा नै बसी छानबिन सम्बन्धी अन्य कार्य एवम् प्रतिवेदन तयार गरेको थियो । २०७३ फागुन २३ मा स्थानीय प्रशासन र सुरक्षा निकायको सुझाव विपरित औद्योगिक क्षेत्रमा सभा गर्ने एमाले, त्यसलाई जुन मूल्य चुकाएर भएपनि हुन नदिने वा बिथोल्न कटिबद्ध भई त्यहाँ जाइलाग्ने प्रदर्शनकारीहरुको अगुवाइ गर्ने सप्तरी जिल्लाको मधेसी मोर्चा नै मुख्य दोषी रहेको भन्ने यस समितिको निष्कर्ष रहेको छ,' २०७४ असार ३२ मा सार्वजनिक गरिएको प्रतिवेदनमा भनिएको छ । मधेशी मोर्चाले सभा हुन नदिने र एमालेले गरेरै छाड्ने अडान लिएपछि मलेठमा हिंसात्मक घटना हुन पुग्यो ।

मलेठ घटना बारे छानबिन गर्न बनाइएको समितिले हालसम्म पनि प्रतिवेदन सार्वजनिक गर्न नसकेकोले यसप्रति प्रदेश सरकारले आफ्नो दायत्वबाट पञ्छिएको छ । तसर्थ यसप्रति अहिले पनि प्रदेश सरकारउत्तरदायित्व वहन गर्नु पर्ने आवश्यकता रहेको छ ।

# सामाजिक सञ्जालमार्फत बढ्दै छ हिंसा

काठमाडौं, २४ फागुन (रासस) । पछिल्लो समय सामाजिक सञ्जालबाट पीडा भोग्नेहरूको सङ्ख्या बढ्दै गएको देखिएको छ । गैरसरकारी संस्था महासङ्घ नेपालले मङ्गलबार आयोजना गरेको 'सूचना प्रविधि र महिला अधिकारका सवाल' विषयक अन्तरक्रियामा सञ्चारकर्मी बबिता बस्नेतले पछिल्लो समय सामाजिक सञ्जालबाट हिंसा हुने गरेको तथ्य सुनाउनुभयो ।

उहाँका अनुसार फेसबुक म्यासेन्जरबाट सबैभन्दा बढी ६२ दशमलव ३ प्रतिशत हिंसामा पर्ने गरेको देखिएको छ । त्यस्तै, फेसबुकबाट ६१ दशमलव २ प्रतिशत हिंसा हुने गरेको छ । सामाजिक सञ्जाल ट्विटरबाट १५ दशमलव ३ प्रतिशत र ह्वाट्सएपमा १२ दशमलव ८ प्रतिशत र भाइबरमा ११ दशमलव ७ प्रतिशत हिंसा हुने गरेको छ । त्यसैगरी, इमेलमार्फत ६ प्रतिशत र इन्स्टाग्राममार्फत ४ दशमलव ६ प्रतिशत हिंसा हुने गरेको छ । एकै व्यक्तिले फरकफरक सामाजिक सञ्जाल प्रयोग गरेर हिंसा गर्ने गरेको बताइएको छ ।

सञ्चारकर्मी बस्नेतले नेपाल पुलिसको साइबर ब्यूरोमा परेको उजुरीलाई आधार मान्नु भएको छ । उहाँका अनुसार आर्थिक वर्ष २०७७/७८ मा जम्मा तीन हजार चार सय ५१ उजुरी परेको छ । सोही आधारमा अन्य तथ्याङ्क सङ्कलन गरिएको बस्नेतको भनाइ छ ।

त्यसैगरी, सबैभन्दा बढी बागमती प्रदेशमा सामाजिक सञ्जालमार्फत हिंसा हुने गरेको अध्ययनले देखाएको छ । विसं २०७८ साउनदेखि कात्तिकसम्मको तथ्याङ्क हेर्ने हो भने नेपाल पुलिसको साइबर ब्यूरोमा एक सय ३९ उजुरी परेको छ । त्यसैगरी, लुम्बिनीमा एक सय ३५, गण्डकीमा एक सय १३, कोशी प्रदेशमा ७३, मधेस प्रदेशमा ५२, कर्णाली प्रदेशमा ४१ र सुदूरपश्चिमा सबैभन्दा कम २७ उजुरी परेको छ ।

सामाजिक सञ्जालहरूको प्रयोगमा तथा मोबाइल गेमहरू जस्ता कुरामा अत्यधिक लतमा परेका कारण नै हिंसा बढ्ने गरेको छ । सामाजिक सञ्जालको प्रयोगमा अपनाउनुपर्ने सुरक्षा तथा सावधानीको ज्ञान नहुँदा डिजिटल ठगीमा पर्नु अर्को चुनौती रहेको छ ।

हिंसाबाट सुरक्षित हुनका लागि प्रविधिसम्बन्धी शिक्षा आवश्यक रहेको उपप्राध्यापक रुकमिनी महर्जले बताउनुभयो । उहाँले सहभागितामूलक एवं लैङ्गिकमैत्री सूचना प्रविधि हुनुपर्ने र नीति निर्माण पनि सहभागीतामैत्री हुनुपर्नेमा जोड दिनुभयो ।

एआइएनका अध्यक्ष भगवान श्रेष्ठले सबै मिलेर हिंसासम्बन्धी चुनौतीको सामना गर्नका लागि एकजुट हुनुपर्ने बताउनुभयो । उहाँले राज्य, समाज र घर सबैको भूमिकालाई दृष्टिगत गर्दै ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रमा राष्ट्रिय समावेशी आयोजका सदस्य विष्णुमाया ओझाले प्राविधिकलाई दोष दिनेभन्दा पनि यसको सही सदुपयोग गरी सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । सूचना प्रविधिसम्बन्धी सचेतनाको खाँचो औंल्याउनुभयो ।

# राष्ट्रपति निर्वाचनको सम्पूर्ण तयारी पूरा

काठमाडौं, २४ फागुन (रासस) । मुलुकको नयाँ राष्ट्रपति चयनका लागि बिहीबार हुने मतदानको सम्पूर्ण तयारी पूरा भएको छ ।

बानेश्वरस्थित संसद्भवनको ल्होत्से हलमा हुने मतदानका लागि प्राविधिक, जनशक्ति र अरू व्यवस्थापकीय सम्पूर्ण तयारी पूरा भएको निर्वाचन अधिकृत महेश शर्मा पौडेलले जानकारी दिनुभयो ।

सङ्घीय संसद् र प्रदेशसभा सदस्यका लागि उक्त कक्षमा बेग्लाबेग्लै दुईवटा मतदान केन्द्र निर्माण गरिएको छ । मतदान अधिकृतसहितको टोली खटिएर मतदान केन्द्र निर्माण गरिसकेको उहाँले बताउनुभयो ।

मतदान बिहान १० देखि दिउँसो ३ बजेसम्म हुनेछ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र व्यवस्थित तुल्याउन बेग्लाबेग्लै मतदान केन्द्रको व्यवस्था गरिएको हो ।

राष्ट्रपति निर्वाचनमा सङ्घीय संसद्का तीन सय ३२ र प्रदेशसभा सदस्य पाँच सय ५० मतदाता हुनुहुन्छ । मतदानका लागि महिला र पुरुषका लागि बेग्लाबेग्लै लाइनको व्यवस्था गरिएको छ । निर्वाचनलाई व्यवस्थित गर्न मतदाता र मिडियाकर्मीका लागि विश्राम गर्ने बेग्लाबेग्लै पालसहितको स्थानको व्यवस्था मिलाइएको छ ।

निर्वाचनमा सङ्घीय सांसदको एक मत बराबर ७९ र प्रदेशसभा सदस्यको एक मत बराबर ४८ मतभार कायम गरिएको छ ।

निर्वाचनका लागि सङ्घीय सांसदको मतदान केन्द्रमा उच्च अदालत पाटनका उपरजिष्ट्रार केशव पौडेल र प्रदेशसभा सदस्यको मतदान केन्द्रमा सर्वोच्च अदालतका उपरजिष्ट्रार लोकनाथ पराजुली खटिनुभएको छ ।

निर्वाचन र मतगणनाका लागि आवश्यक पर्याप्त सुरक्षा व्यवस्थाका साथै दुवै मतदान केन्द्रमा सात-सातजनाको कर्मचारीको टोली खटिनेछ ।

राष्ट्रपति पदको निर्वाचनमा नौ दलीय गठबन्धनका तर्फबाट साझा उम्मेदवारमा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र नेकपा (एमाले)का तर्फबाट उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ उम्मेदवार हुनुहुन्छ ।

समग्र निर्वाचनका लागि पौडेलका तर्फबाट रमेश लेखक र नेम्वाङका तर्फबाट महेश बर्तौला प्रतिनिधिका रूपमा रहनुभएको छ ।

निर्वाचन अधिकृतको कार्यालयले दिउँसो ३ बजे मतदान कार्य सम्पन्न भएसँगै मतगणना कार्य सुरु गर्ने र साँझ ७ बजेभित्र परिणाम घोषणा गर्ने गरी तयारी गरिएको सहायक निर्वाचन अधिकृत अमृताकुमारी शर्माले जानकारी दिनुभयो । यसैबीच, निर्वाचनमा मतदानका लागि सबै प्रदेशका सांसदहरू काठमाडौं आइपुगिसक्नु भएको छ ।

# यातायात कार्यालयको सेवा बिहान ८ बजेदेखि सुरु गर्ने तयारी

काठमाडौं, २४ फागुन (रासस) । देशभरिमा सेवाग्राहीको बढी चाप हुने यातायात कार्यालयमा पर्ने एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालय, चालक अनुमतिपत्र कार्यालयले बिहान ८ बजेदेखि नै सेवा सुरु गर्ने तयारी गरेको छ ।

कार्यालयमा सधैं कार्यालय समयभन्दा घण्टौं पहिले नै सेवाग्राही लाममा हुने गरेकाले भीडभाड व्यवस्थापनका लागि बिहान चाँडै सेवा सुरु गर्ने योजना बनाइएको कार्यालयले जनाएको छ । बिहान ८ बजेदेखि खुल्दा सेवाग्राही लाममा बस्नु नपर्ने र उनीहरूले थोरै समयमा काम गरिसक्ने कार्यालयका प्रमुख राजकुमार कपालीले बताउनुभयो । उहाँले भन्नुभयो, "लाममा बस्न नपरेपछि बिचौलियाले पनि ठग्न पाउँदैनन् । आउँछन् र खुरुखुरु जान सक्छन् ।"

बिहानदेखि सेवा सुरु अहिले छलफल भइरहेको कार्यालयले जनाएको छ । सेवा प्रवाह कार्यालय समयमा हुने भए पनि सेवाग्राही बिहान छ बजेदेखि लाममा बस्ने गरेको उहाँले बताउनुभयो । सेवाग्राहीलाई बुझाउन नसकिएको १० बजेसम्म दुई सय जना लाममा बस्ने उहाँले बताउनुभयो । प्रमुख कपालीले भन्नुभयो, "ताला लगाए पनि बाहिरैबाट लाम हुने गरेको छ ।"

कार्यालयले दैनिक तीनदेखि साढे तीन सय टोकन बाँड्ने गरेको छ । त्योबाहेक टाढाबाट आएको जाममा परेको वा तुरुन्त अनुमतिपत्र चाहिने सेवाग्राहीलाई टोकन नभए पनि अवस्था हेरेर सेवा दिइने प्रमुख कपालीले बताउनुभयो । उहाँले भन्नुभयो, "समस्या रहेकालाई टोकन विना ५० देखि एक सयसम्मलाई दिने गरिएको छ ।"

कार्यालयमा अहिले दरबन्दीअनुसार नै जनशक्ति कार्यरत रहेका छन् । विसं २०७२ को दरबन्दीअनुसार ३५ जना रहेकामा र करारबाट २२ जना कार्यरत रहेका छन् । कार्यालयको व्यस्त समय ११ देखि २ बजेसम्म जनशक्ति कमी महसुस हुने भए पनि अरू समयमा जनशक्ति पर्याप्त नै हुने गरेको उहाँले बताउनुभयो । सेवाग्राहीको भीडभाड बिहानी समयमा बढी भए पनि दिउँसो कम रहेको छ । उहाँले भन्नुभयो, "३ बजेपछि कार्यालय नै सुनसान हुन्छ ।"

यातायात कार्यालय सधैं नै सेवाग्राहीको भीडभाड बढी हुने कार्यालयका रूपमा रहेको छ । पहिले सङ्घीय सरकारअन्तर्गत रहेको कार्यालय अहिले प्रदेश सरकारको अन्तर्गत गएको छ । कार्यालयहरूले केही वर्षदेखि टोकन प्रणाली सुरु गरे पनि सेवाग्राही घण्टौं लाममा बस्नु परेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# आय विवरण दाखिला गर्ने करदाता घटे, कारण खोज्दै राजस्व विभाग

काठमाडौं, २४ फागुन (रासस)।

अघिल्लो आर्थिक वर्षको तुलनामा गतवर्षको आय विवरण दाखिला गर्ने करदाता ठूलो सङ्ख्यामा घटेको देखिएपछि आन्तरिक राजस्व विभागले खोजबिन सुरु गरेको छ। प्रत्येक आर्थिक वर्षको आय विवरण असोज मसान्तसम्म कर कार्यालयमा दाखिला गरिसक्नुपर्छ।

यस्तो विवरण बुझाइसक्न पुस मसान्तसम्मको म्याद थपिएकोमा सो अवधिसम्म पनि केही करदाताले विवरण नबुझाएपछि विभागले छानबिन थालेको हो। कतिपय करदाताले आफ्नो कारोबारको मूल्य अभिवृद्धि कर (भ्याट) को विवरण दाखिला गरेको, भन्सार तथ्याङ्क हेर्दा आयात-निर्यात गरेको पाइएको र त्यस्ता करदाताको नाममा अग्रीम कर कट्टीसमेत भएको देखिए पनि आयकरको विवरण भने नबुझाएको विभागले जनाएको छ।

यसरी गत आर्थिक वर्ष २०७८/७९ मा कर लाग्ने कारोबार गरेको देखिए पनि हालसम्म आय विवरण र कर दाखिला नभएपछि त्यस्ता करदाताको विवरण सङ्कलनको काम भइरहेको विभागका सूचना अधिकारी राजुप्रसाद प्याकुरेलले जानकारी दिनुभयो।

"भ्याट, आशिकुडालगायतका तथ्याङ्क हेर्दा केही करदाताले आफ्नो कारोबारअनुसार आय विवरण र कर दाखिला गरेको देखिएन। गत वर्षको यही अवधिसम्मको तुलनामा यसवर्ष आय विवरण बुझाउने करदाताको सङ्ख्या निकै कम देखिएको छ। त्यस्ता करदाताबारे खोजबिन गर्न विभागले कर कार्यालयहरूलाई भनिसकेको छ", प्याकुरेलले भन्नुभयो।

कुन कर कार्यालयमा कति करदाताले यस्तो विवरण बुझाउन बाँकी छ भन्ने तथ्याङ्क संकलन भइरहेको पनि उहाँले जानकारी दिनुभयो।

आयकर विवरण र कर दाखिला नगर्ने करदाताको वास्तविक संख्या भने अझै आइनसकेको विभागले जनाएको छ। त्यस्तै, आय विवरण र कर दायित्व फरकफारक नगर्ने करदाताको छानबिन तथा अनुसन्धान गरी प्रचलित कानून बमोजिम कारबाही गर्ने पनि विभागले जनाएको छ।

चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिसम्ममा आयकर असुली निकै न्यून देखिएको छ। सरकारले पुस मसान्तसम्ममा रू एक खर्ब ५७ अर्ब २२ लाख १८ हजार बराबर आयकर उठाउने लक्ष्य राखेकोमा रू एक खर्ब १६ अर्ब ७९ करोड बराबर मात्रै असुली गरेको हो। जुन रकम यो अवधिका लागि राखिएको लक्ष्यको ७४ दशमलव तीन प्रतिशत बराबर हो।

अहिले आयकर मात्र नभई समग्र आन्तरिक राजस्व नै प्रभावित भएको छ। चालु आर्थिक वर्षको अर्धवार्षिक समिक्षा अवधिसम्ममा समग्र सरकारी राजस्व संकलन लक्ष्यभन्दा निकै कम छ।

विभागका अनुसार पुस मसान्तसम्म रू ६ खर्ब ५१ अर्ब ६१ करोड ८७ लाख आन्तरिक राजस्व उठाउने लक्ष्य रहेकोमा रू चार खर्ब ९० अर्ब चार करोड ३८ लाख बराबर मात्रै असुली भएको छ। जुन अर्धवार्षिक लक्ष्यको ७५ दशमलव २० प्रतिशत बराबर हो। अर्थात चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिमा सरकारको राजस्व संकलन लक्ष्यभन्दा २४ दशमलव ८० प्रतिशत बिन्दुले न्यून देखिएको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**


**शम्भुनाथ नगरपालिका, सप्तरी**


## विश्व समाचार

### सिरियामा ड्रोन आक्रमणमा चार जना मारिए

बेरुत, २४ फागुन (रासस/एएफपी)।

सरकार नियन्त्रित पूर्वी सिरियामा बुधबार इरान समर्थित गुटहरुद्वारा भएको ड्रोन आक्रमणमा चार जनाको मृत्यु भएको सिरियन अब्जरभेटरी फर ह्युमन राइट्सले जनाएको छ। उक्त आक्रमणमा अन्य आठ जना घाइते भएका छन्।

सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स रामी अब्देल रहमानका अनुसार पूर्वी सहर देइर एजोरमा इरान समर्थित समूहको हतियार कारखाना नजिक ड्रोन आक्रमण भएको हो। आक्रमण शीर्ष इरानी कमाण्डरहरू र लेबनानको हिजबुल्लाह आन्दोलनका वरिष्ठ अधिकारीहरूको निवासलाई लक्ष्य गरेर भएको ठानिएको छ।

सिरियाली सरकारसँग गठबन्धनमा रहेका इरान समर्थक गुटहरू हिजबुल्लाहलगायत देइर एजोर प्रान्त हुँदै बग्ने युफ्रेटिस नदीको दक्षिण र पश्चिममा भारी मात्रामा तैनाथ छन्।

आतङ्कवादीले बिछ्याएको बारुदी सुरुङ देइर एजोर नजिक विस्फोट हुँदा केही हताहत भएका सरकारी सञ्चारमाध्यमले जनाएका छन्। यद्यपि त्यसबारे विस्तृत विवरण दिएका छैनन्। गत जनवरी ३० मा सोही क्षेत्रमा भएको ड्रोन हमलामा ११ जना मारिएका थिए।

सन् २०११ देखि प्रारम्भ भएको द्वन्द्वबाट करिब पाँच लाख सर्वसाधारणको ज्यान गइसकेको छ। शान्तिपूर्ण विरोध प्रदर्शनमा क्रुर दमन भएपछि सिरिया द्वन्द्वको चपेटामा परेको हो। लाखौं घरबारविहीन भएका छन्भने त्यति नै सङ्ख्यामा विस्थापित भएका छन्।

### यमनमा डुङ्गा दुर्घटना हुँदा २१ जनाको मृत्यु

साना, २४ फागुन (रासस/सिन्ह्वा)।

यमनमा भएको डुङ्गा दुर्घटनामा परेर कम्तीमा पनि २१ जनाको ज्यान गएको छ। मङ्गलबार भएको सो दुर्घटनामा ती व्यक्तिको ज्यान गएको प्रहरीले जनाएको हो।

यमनको उत्तरी रेड सीमा सो डुङ्गा दुर्घटना भएको हो। उक्त डुङ्गामा २७ जना यात्रु सवार रहेका थिए। ती यात्रुमध्ये २१ जनाको ज्यान गएको बताइएको छ।

उत्तरी यमनको नगर होदिदाहनजिकैको समुद्रमा डुङ्गा डुबेको बताइएको छ। मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका परेका पनि सो समाचारमा जनाइएको छ।

आफन्तको विवाह समारोहमा सहभागी भएर घर फर्किंदै गरेका स्थानीय नागरिक चढेको डुङ्गा डुबेको हो। प्रहरीका अनुसार मृत्यु हुनेमा १२ महिला र छ जना बालबालिका थिए।

डुङ्गा डुबेपछि उद्धारको कार्य गरिएको र छ जनालाई जिवीतै उद्धार गरेर अस्पताल पुऱ्याइएको छ।

### अमेरिकामा चार हप्तामा एक लाखभन्दा बढी बालबालिकालाई कोभिड सङ्क्रमण

लस एन्जलस, २४ फागुन (रासस/सिन्ह्वा)।

अमेरिकामा गएको चार हप्ता यतामात्र एक लाखभन्दा पनि बढी बालबालिकालाई कोभिड १९ को सङ्क्रमण भएको स्वास्थ्य अधिकारीहरुले जानकारी दिएका छन्।

उनीहरुका अनुसार यहाँ पछिल्लो चार हप्तायता मात्र एक लाख छ हजार जना बालबालिका कोभिडको सङ्क्रमणमा परेका हुन्। अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्स र चिल्ड्रेन्स हस्पिटल एसोसिएसनले मङ्गलबार प्रकाशन गरेको विज्ञप्तिमा सो कुराको जानकारी दिइएको छ।

यहाँ कोभिडको सङ्क्रमण सुरु भएपछि एक करोड ५५ लाख बालबालिकालाई कोभिडको सङ्क्रमण भइसकेको पनि उक्त विज्ञप्तिमा जनाइएको छ। पछिल्लो हप्तामात्र (मार्च २ सम्म) यहाँका १९ हजार बालबालिकालाई कोभिड सङ्क्रमण भएको थियो। त्यस अघिका हप्ताहरुमा कम्तीमा पनि २५ हजार बालबालिका कोभिडको सङ्क्रमणमा परेका बताइएको छ।

अमेरिकामा पछिल्लो समय कोभिडको सङ्क्रमण दर घटेको बताइएको भए पनि बालबालिकामा भने सङ्क्रमण भइ नै रहेको बताइएको छ। त्यसैले यहाँका चिकित्सकहरुले कोभिडबाट सङ्क्रमित भएकाहरुको उमेर अनुसारको तथ्याङ्क लिनुपर्ने आवश्यकता रहेको बताएका छन्।

### राष्ट्रसङ्घीय महासचिव र युक्रेनका राष्ट्रपतिबीच भेटवार्ता

संयुक्त राष्ट्रसङ्घ, २४ फागुन (रासस/सिन्ह्वा)।

राष्ट्रसङ्घीय महासचिव महासचिव एन्टोनियो गुटेरेस र युक्रेनका राष्ट्रपति भोलोदमिर जेलिन्स्किकाबीचमा भेटवार्ता भएको छ। उहाँहरुका बीचमा बुधबार युक्रेनको राजधानी सहर किभमा भेटवार्ता भएको राष्ट्रसङ्घीय महासचिवका प्रवक्ताले जानकारी दिएका छन्।

राष्ट्रसङ्घीय महासचिव गुटेरेसका प्रमुख प्रवक्ता स्टेफान डुजारिकले महासचिव गुटेरेस सो भेटवार्ताका लागि बुधबार युक्रेन पुग्ने जानकारी दिनुभएको हो। उहाँले मंगलबार महासचिव गुटेरेस पोल्याण्ड रहनुभएको र बुधबार किभ पुगेर भेटवार्ता हुने भएको जानकारी दिनुभएको थियो।

सो भेटवार्ताका क्रममा युक्रेन र रुसका बीचमा सन् २०२२ को जुलाईमा भएको मल तथा खाद्यान्नको निकासीको सम्झौताका विषयमा कुराकानी हुने अनुमान गरिएको थियो।

गत वर्षदेखि युक्रेनमा रुसले गरेको आक्रमणका कारण कतिपय आपूर्तिका विषयमा विवाद उत्पन्न भएको छ। खाद्यान्न तथा अन्य आवश्यक कृषि सामग्रीको आपूर्ति हुन नसक्दा विश्व बजारमा नै यसको प्रभाव परिरहेको छ।

# बिग्रिराखेको ट्रकमा मोटरसाइकल ठोकियो, एकजना घाइते

# कारले मोटरसाइकललाई ठक्कर दिएर भाग्न खोज्दा कार पल्टियो




**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**

सप्तरीको रुपनी गाउँपालिका ६ खाडो खोलास्थित पुर्व पश्चिम राजमार्गमा बिग्रिराखेको ट्रकमा मोटरसाइकल ठोकिदा एक जना घाइते भएका छन् ।

पश्चिमबाट पुर्व तर्फ जाने क्रममा को१क ८४८ नं.को ग्यास सिलिन्डर बोकेको ट्रकको गियर बक्स बिग्री रोडको उत्तर पट्टि साईडमा रोकी राखेको अवस्थामा सोही दिशा तर्फ जादै गरेको स६प ९९०५ नं.को माटरसाइकलले पछाडीबाट ठक्कर दिएको हो ।

सो घटनामा मोटरसाइकल चालक जिल्लाकै अग्निसाईर कृष्णसावरण गाउँपालिका ३ मटिगाढा टोल निवासी ५० वर्षिय योगेन्द्र प्रसाद चौधरीको अनुहारमा र बाँया हातमा चोट लागेकोले युनिक अस्पताल रुपनीमा उपचार भइरहेको छ ।

यसैगरि जिल्लाको हनुमाननगर कंकालिनी १ कंकालिनि मंन्दिर स्थितपुर्व पशिचम लोक राजमार्गमा पशिचमबाट पुर्व तर्फ जादै गरेको बीआर३८जेड६००३ नम्बको कारले मोटरसाइकललाई ठक्कर दिएर कार भाग्न खोज्दा अनियन्त्रित भई पल्टिएको छ ।

सो दुर्घटनामा कारमा सवार तीन जना घाइते भएका छन् । सोही दिशा तर्फ जादै गरेको को ३६प४८०५नं.को मोटरसाइकललाई कारले ठक्कर दिएको हो ।

# राष्ट्रपति निर्वाचनमा राप्रपाले मतदान नगर्ने

काठमाडौँ, २४ फागुन (रासस) ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले भोलि बिहीबार हुने राष्ट्रपति निर्वाचनमा मतदान नगर्ने निर्णय गरेको छ ।

पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा बुधबार करिब चार घन्टासम्म चलेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले मतदानमा सहभागी नभई तटस्थ बस्ने निर्णय गरेको हो ।

बैठकपछि सञ्चारकर्मीलाई जानकारी दिँदै राप्रपाका प्रवक्ता मोहन श्रेष्ठले भोलि हुने राष्ट्रपतिको निर्वाचनमा सहभागी नहुने र तटस्थ बस्ने निर्णय गरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "भोलि हुने राष्ट्रपतिको निर्वाचनको सन्दर्भलाई लिएर केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा झन्डै चार घन्टा छलफल भयो । बैठकले निर्वाचनमा सहभागी नहुने र तटस्थ बस्ने निर्णय गरेको छ । पार्टी कार्यकर्ता, सुभेच्छुक एवं जनताको भावनाबमोजिम पार्टीले निर्णय लिएको हो ।"

प्रवक्ता श्रेष्ठले राष्ट्रपति निर्वाचनमा आफ्नो पार्टीको भोट निर्णायक पनि नभएकाले तटस्थ बस्ने निर्णय लिएको उल्लेख गर्नुभयो ।

बिहीबार हुने राष्ट्रपतिको निर्वाचनमा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र नेकपा (एमाले) का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ उम्मेदवार रहनुभएको छ । राष्ट्रपति निर्वाचनको मतदान बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म हुने तय गरिएको छ ।

# र्‍याली तथा विचार आदान प्रदान कार्यक्रम गरि नारी दिवस मनाइयो




**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**

"लैङ्गिक समानताको बलियो आधार : सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार" नाराका साथ फागुन २४ गते राजविराजमा र्‍याली तथा विचार आदान प्रदान कार्यक्रम गरि नारी दिवस मनाइएको छ ।

राजविराज नगरपालिकाको सहयोगमा इन्सेक, मेचीमहाकाली बुहारी संयुक्त आवाज, महिला मानवअधिकार रक्षक सञ्जाल, जिल्ला प्रहरी कार्यालय, एकल महिला समूह, परिकल्पना नेपाल, कोक्याप, सामुदायिक सेवा केन्द्र, सबल नेपाल, राजविराज जेसीज, प्राइम होलिक्रस एकेडेमी, नेपाल राष्ट्रिय मारवाडी महिला संगठन लगायत संघ-संस्थाले जुलुस, गोष्ठी र अन्तक्रिया गरेर महिला माथि भइरहेको हिंसा र विभेदमाथि बहस गरेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि राजविराज नगरपालिका काकार्यवाहक नगर प्रमुख इसरत परविनले सचेतनाका साथै महिलाहरू आर्थिक रुपमा सबल र आत्मनिर्भर नभएसम्म विकास असम्भव रहेको बताइन् ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले महिलाको सहभागिता बढाउँदै र क्षमता अभिवृद्धि गर्दै सशक्त रूपमा अघि बढ्न आह्वान गरे ।

प्रहरी उपरिक्षक नरेन्द्र कार्कीले समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका विभिन्न निकायमा महिलाको पहुँच बढ्दै गएको र महिला अधिकारका विषयमा प्रहरी संवेदननशील रहेको बताए ।

मेचीमहाकाली बुहारी संयुक्त आवाज सप्तरीकी अध्यक्ष अनीता देवकोटाको अध्यक्षतामा आयोजित कार्यक्रममा महिला शिक्षक मञ्जु श्रेष्ठ, अधिकारकर्मी मालती चौधरी, नागरिक समाजका अध्यक्ष थान सिंह भन्साली, सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दास, मारवाडी महिला मंञ्चकी अध्यक्ष शारदा काबरा, परिकल्पना नेपालकीअ ध्यक्ष सुधा देब, मिलाफकी अध्यक्ष रमिला साह, पत्रकार दिनानाथ यादव, आदिवासी जनजाती पत्रकार महासंघकी प्रिया सिंह थारुले बाध्यकारी संवैधानिक व्यवस्थाले राजनीतिमा प्रतिनिधित्व गराउने मात्र नभई नीति निर्माण र नेतृत्वमा पुर्‍याउने वातावरण आवश्यक रहेको बताए ।

## राष्ट्रपति निर्वाचनबारे रास्वपाले बिहीबार निर्णय लिने

काठमाडौँ, २४ फागुन (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले राष्ट्रपति निर्वाचनबारे बिहीबार मात्रै निर्णय लिने भएको छ । राष्ट्रपति निर्वाचनको सन्दर्भमा पार्टीले भोलि बिहान बैठक बसेर आवश्यक निर्णय गर्ने सो पार्टीका उपसभापति डोलप्रसाद अर्यालले जानकारी दिनुभयो ।

राष्ट्रपतिको निर्वाचनको मतदान भोलि बिहान १० देखि दिउँसो ३ बजेसम्म हुने तय भएको छ । राष्ट्रपतिको निर्वाचनमा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र नेकपा (एमाले) का उपाध्यक्ष सुभाषचन्द्र नेम्वाङ उम्मेदवार हुनुहुन्छ ।

## हात्तिले अन्न खाए

**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**

सप्तरीको कंचनरुप नगरपालिका ६ जमुवा टोलमा कोशि टप्पुको जङगलबाट आएका दुई वटा हात्तिले अन्न खाएका छन् ।

स्थानिय रामचन्द्र माझिको गोठ घर भित्र भखारीमा राखेको ५ मन धान तथा थारु समाजको होमस्टे घरको एउटा टाटी भत्काएको हो ।

उक्त हात्तिलाई स्थानिय बासीहरुले जङगलतर्फ भगाएको प्रहरीले जनाएको छ ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

बालविवाह सामाजिक र कानूनी अपराध हो ।
➢ बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
➢ उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
➢ त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*